# आर्थिक वर्ष २०८१/०८२ को

# निति, बजेट तथा कार्यक्रम

देवताल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पिप्राढीगोठ, बारा

मधेशप्रदेश, नेपाल

मिति २०८१ साल असाढ १० गते

आदरणीय अध्यक्षज्यू,
आदरणीय प्रमुख अतिथिज्यू,
आदरणीय विशिष्ठ अतिथिज्यू,
आदरणीय वडा अध्यक्षज्यू तथा कार्यपालिका सदस्यज्यूहरु,
आदरणीय गाउँ सभा सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
राष्ट्र सेवक कर्मचारीहरु,
राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, सामजासेवी, बुद्धिजिवि,
पत्रकार मित्रहरु,
सुरक्षाकर्मी।

म,सर्वप्रथम यस देवताल गाउँपालिकाको आ.व. ०८१/०८२ को निति, बजेट तथा कार्यक्रम सहितको अधिवेशनमा यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

नेपाललाई लोकतान्त्रिक गणतन्त्र देश स्थापना गर्नको लागि विभिन्न आन्दोलन (जन आन्दोलन एवंम मधेश अन्दोलन)को क्रममा आफ्नो अमूल्य जीवन बलिदानी गर्नु भएका ज्ञात, अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न आन्दोलनका क्रममा घाईते, वेपता हुनु भएका नागरिक प्रति उच्च सम्मान्न व्यक्त गर्न चाहन्छु ।

स्थानिय सरकार (देवताल गाउँपालिका)को आ.व ०८१/०८२ को निति, बजेट तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

यो नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाको समग्र वर्तमान परिस्थिति, सृजित सवै चुनौतिहरुलाई ध्यानमा राखि गाउँवासीको चाहना, भावना र मांगको आधारमा गा.पा.को स्रोत र साधनको अधिक्तम सदुपयोग गरि राजनैतिक दल, जन प्रतिनिधि, नागरिक समाज एवम अगुवाहरुको राय सुझाव, नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकार तथा मधेश प्रदेशको सरकारले निर्दिष्ट गरेको नीति, आर्थिक कार्यविधि २०५५ लगायत प्रचलित ऐन कानुनले दिएको अधिकार भित्र रहि अगामी आ.व. ०८१/०८२ को नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

## देवताल गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको वारा जिल्लामा अवस्थित देवताल गाउँपालिका मधेश प्रदेशको मिश्रित विशेषता वोकेको गाउँपालिका हो। साविक वडकी फुलवरिया(२-६), पिप्राढी गोठ, दक्षिण झिटकैया, पिपरपाती जब्दी र रौवाही गा.वि.स. मिलेर वनेको यो गाउँपालिका २३.३२ वर्ग कि.मी. मा फैलिएको छ। यो गाउँपालिकामा स्थानीयवासीहरुलाई सर्वसुलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपलिका लाई जम्मा ७ वटा वडामा विभाजन गरिएको छ। यस गाउँपालिकाको पूर्वमा सुवर्ण गाउँपालिका, पश्चिममा कलैया उप महानगरपालिका,

CamScanner

दक्षिणमा भारत देशको बिहार राज्य र उत्तरमा महागढीमाई नगरपालिका संग सिमाना जोडिएको छ। यस गाउँपालिकाको कुल जनसंख्या २५३६१ (जनगणना २०७८ बमोजिम) रहेको छ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

- गाउँपालिकाको भौगोलिक, सामाजिक, स्वास्थ्य, शिक्षा, कृषि, सिचाँइ, आर्थिक, पूर्वाधार, सुशासन, सुरक्षा व्यवस्था, विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन जस्ता कार्यहरुको सन्तुलित र योजनावद्ध रुपले विकास निर्माणका कार्यहरु उत्तरदायी, पारदर्शी, मेहनती र ईमान्दारी पूर्वक मेरा सहयोगी पदाधिकारी एवम कर्मचारी संयन्त्रहरुबाट समृद्ध र विकसित देवताल गाउँपालिकाको निर्माण गर्नेछु ।
- हाम्रो २ वर्षे कार्यकालमा समृद्ध देवतालको आधार खडा गरी उच्च महत्वका साथ कृषि क्षेत्रको विकास, स्वास्थ्य क्षेत्रको विकास, शिक्षा क्षेत्रको विकास, भौतिक पूर्वाधार विकास निर्माण, समाजिक विकास, व्यवस्थापन र सुशासनको अनुभूति हुने गरी सेवा प्रवाहका गरेको र सो कार्यलाई थप प्राथमिकतामा लिइनेछ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

म अब गाउँपालिकाको निति तथा कार्यक्रम तर्फ सबैको ध्यान आकर्षण गराउन चाहन्छु।

## १. आर्थिक विकास तर्फ

### क) कृषि तथा पशु

- गाउँपालिका क्षेत्र भित्रको कृषि योग्य जमिनको पहिचान र संरक्षण गर्दै गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर वनाउन समुदाय, प्रदेश र संघीय सरकारसंगको सहकार्यमा आवश्यक रणनीति वनाई कृषि क्षेत्रमा विकास गरिनेछ।
- प्रत्येक खेत्ती योग्य जमिनमा सिचाईको सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले कृषि विद्युतिकरण विस्तारित गर्ने कार्य वहुवर्षिय योजनाको रुपमा निरन्तरता दिइनेछ ।
- यस गाउँपालिका भित्र मकै, धान र गेंहु वालीलाई पकेट क्षेत्रको रुपमा घोषणा गरी समुदाय, सहकारी र संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।
- कृषकहरुलाई आवश्यक पर्ने मौसम अनुसारको बिउ, बेर्ना, मल खाद समयमा उपलब्ध गराउन संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरिनेछ।
- लागत साझेदारीमा माछा पोखरी खन्ने किसानलाई संघीय सरकार एंवम् प्रदेश सरकारले उपलब्ध गराउदै आएको रकममा थप अनुदान गा.पा.बाट उपलब्ध गराईनेछ ।
- कृषि सिचाईको लागि यस गा.पा.बाट कृषक समूह गठन गरी निःशुल्क तथा साझेदारीमा स्यालो ट्युवेल तथा समर्ससेवल बोरिङ्ग जडान गरिनेछ ।

CamScanner

- तरकारी तथा केरा खेति गर्ने किसान लाई गा.पा.को तर्फवाट उचित तालिम र अनुदानको व्यवस्था गरिनेछ ।
- आधुनिक र व्यवसायिक कृषि/पशु फर्म सञ्चालन गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।
- माटो परिक्षणको लागी प्रदेश सरकारवाट समन्वय गरी कार्य अगाडी वढाईनेछ।
- गाउँपालिका क्षेत्र भित्रका कृषकहरुको वर्गीकरणको लागि कृषि परिचय-पत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषक तथा कृषक समुहहरुलाई समय-समयमा कृषक अवलोकन भ्रमणमा लगिनेछ ।
- पशु नस्ल सुधारका लागि कृत्रीम गर्भाधान सेवा मिसनको रुपमा संचालन एंवम व्यवस्था गरिनेछ।
- व्यवसायिक रुपमा पशु पन्छी पालन गर्ने व्यवसायीलाई अनुदानको व्यवस्था मिलाईने छ।
- गा.पा. स्तरवाट वडा नं. २ गम्हरिया स्थित दुध डेरी भवन निर्माण समपन्न भई सो भवनमा यसै वर्ष देखि दुग्ध संकलन कार्यलाई अगाडी वढाइनेछ।
- पशु आहार उपलब्ध गराउनको लागि हिउँदे तथा वर्षे र वहु वर्षे जातका विउ र वेर्ना पशु उत्पादक किसानहरुलाई निशुल्क वितरण गरि "देवताल गा.पा.अध्यक्ष पशु आहार मिसन कार्यक्रम" लाई निरन्तरता दिईनेछ।
- गा.पा. स्तरीयवाट पशु सेवा सम्वन्धी कार्यलाई निरन्तरता दिइनेछ। यसै क्रममा पशु सेवा कार्यालयवडा नं. २ गम्हरिया र वडा नं. १ र २ संयुक्त आश्रममा गरी दुई ठाउँमा नयाँ सेवा केन्द्र सञ्चालन गरिनेछ। साथै सोको लागि आवश्यक पर्ने जनशक्ति एंवम उपकरणहरुको व्यवस्था गरिनेछ ।
- पशु स्वास्थ्य उपचार शिविर सञ्चालन गरिनेछ। पशु विमा कार्यक्रम संचालन गरिनेछ।
- उत्पादन मूलक उद्देश्यले दर्ता भएका तरकारी, फलफूल, गाई, भैसी, वाखा, कुखुरा, सुँगुर, हाँस पालक फार्महरुको व्यवस्थापकलाई गा.पा.को तर्फ वाट विभिन्न किसिमको सचेतना मुलक कार्यक्रम एवम अवलोकन भ्रमण गराइनेछ। साथै यी व्यवसायिक निर्माण गर्नको लागि गा.पा.संग सम्झौता गरि विषेश अनुदान उपलब्ध गराईनेछ ।
- कृषि सडक निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी वढाईनेछ।
- चैते धान खेतिलाई प्रोत्साहन गरिनेछ।
- गम्हरियाको मैनाहा डिहमा कृषि उपजको भणडारण गृह तथा सित गृह(कोल्ड स्टोर) स्थापना गरिनेछ। सो भण्डारण गृह निर्माण हेतु संघ सरकार, प्रदेश सरकार, विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय दातृ निकाय, विभिन्न सामजसेवी लगायत अन्य सरोकारवालाहरुको सहयोग, समन्वय र साझेदारीमा निर्माण गरिने नीति लिइनेछ।

CS CamScanner

- आसमान नेपाल द्वारा कृषि उपज सम्बन्धी गठित कृषि समूहको कार्यलाई नियमित अनुगमन तथा आवश्यक सहयोग गर्ने नीति लिइनेछ।

## ख) सहकारी/संघ-सँस्था/उद्योग बाणिज्य/पर्यटन

- सहकारी संस्थाको अनुगमन र नियमन कार्यलाइ व्यवस्थित गरी नितिगत रुपमा थप प्रभावकारी वनाइनेछ ।
- गा.पा. क्षेत्र भित्र सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सम्बन्धित विषयसंग सम्बद्ध NGO र INGO हरुसंग समन्वय गर्ने निति लिईनेछ ।
- सहकारी क्षेत्रको प्रवर्द्धनका लागि सहकारीको समन्वयमा तथा साझेदारीमा समय-समयमा उत्पादन एंवम सीपमुलक कार्यक्रहरु संचालन गरिनेछ ।
- रोजगारीको लागि व्यवसायीक सीप तालिम, उधोग, वित्तीय क्षेत्रवाट रोजगारी सृजना जस्ता कार्यहरु गरिनेछ ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास(मेडपा) कार्यक्रम अन्तर्गत सीपमुलक र रोजगार प्रदान गरिने कार्यक्रमलाई थप विस्तार र प्रभावकारी वनाइनेछ।
- व्यवसायिक्ता तर्फ अग्रसरता एवम व्यवसाय संचालनको लागि उद्यमसिलता तथा वितिय साक्षरता तालिम संचालन गरिनेछ ।
- सार्वजनिक स्थलहरुको पहिचान गरि पिकनिक पार्क तथा चिल्ड्रेन पार्कहरुको निर्माण कार्यलाई थप प्राथमिकिरण गरिनेछ। यसै क्रममा वडा नं. ३ आम्वा र वडा नं. ६ रौवाही वर्वामा पार्क निर्माण कार्यलाई निरन्तरता दिइनेछ। सोको लागि संघ सरकार र प्रदेश सरकार संग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

## ग) वन तथा भूमि व्यवस्थापन

- वन समृद्धि कार्यक्रम मार्फत गाउँपालिकामा वन क्षेत्र विस्तार गरिनेछ।
- निजि क्षेत्रमा वृक्षारोपण गरी वन क्षेत्र विस्तार कार्यलाई प्रोत्साहन गरिनेछ।
- साझेदारी वन समितिको समन्वयमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- "एक घर एक रुख" कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र नमुना वडा छनौट गरी कार्यक्रम संचालन गरिनेछ।
- ऐलानी जमिन व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।
- देवापुर चौकदेखि आम्वा कटहरिया हुदैं दक्षिण झिटकैया पसाह पुल सम्म सडकमा तथा फुलवरिया देखि छोटकी आम्वा सम्म सडकमा वृक्षा रोपन गरिनेछ।

CamScanner

## २) समाजिक विकास

### क) शिक्षा

- सामुदायिक विद्यालयहरुको भौतिक निरिक्षण गरि विद्यालयहरुलाई आवश्यक पर्ने जग्गा प्रासिको व्यवस्था मिलाईनेछ ।
- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण अन्तर्गत इन्द्रदेव मा.वि. आम्वा मा भवन निर्माण, ने.रा.प्रा.वि. जब्कामा भवन स्तरउन्नती, ने.रा.प्रा.वि. रौवाही वर्वामा भवन निर्माण, ने.रा.आ.वि. वडकी फुलवरियाको भवन निर्माण र ने.रा.प्रा.वि. दक्षिण झिटकैयाको भवन निर्माण कार्यलाई निरन्तरता दिइ यसै वर्ष सञ्चालन गरिनेछ र अन्य विद्यालयहरुमा समेत भौतिक निर्माण कार्यलाई थप प्राथमिकतामा राखिनेछ।
- यस पालिका अन्तर्गत संचालित प्रा.वि, नि.मा.वि र मा.वि.मा माग वमोजिमको शिक्षक र कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- यस गाउँपालिकाको सामुदायिक विद्यालयवाट SEE मा A Grade तथा A+ Grade ल्याउने सम्पूर्ण विद्यार्थीहरुलाई +2 गर्नलाई प्रोत्साहन स्वरुप आवश्क सहयोग उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।
- यस पालिका अन्तर्गतका स्तानतकोत्तर उतिर्ण गरी थप अध्ययन गर्न इच्छुक व्यक्तिहरुको लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ।
- सामुदायिक एवम संस्थागत विद्यालयहरुको कक्षा थप(अनुमति) कार्यको लागि स्थलगत अनुगमन निरिक्षण गरि उक्त कार्य अगाडी वढाईनेछ ।
- देवताल-४ स्थित रहेको श्री.ने.रा.मा.वि. पिप्राढी-३, हाल देवताल-४ र देवताल ६ स्थित रहेको श्री ने.रा.मा.वि.रौवाही -४, देवताल-६ स्थित विद्यालय लाई प्लस टु संचालनको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।
- शिक्षकको पेशागत विकासलाई मर्यादित बनाई सिकाई वातावरण सरल, प्रविधि मैत्री बनाउन आवश्यक सामग्री, तालिम, कार्यशाला गोष्ठी जस्ता कार्यहरु गरिनेछ र यस कार्यमा आसमान नेपाल,सेभ द चिल्ड्रेन लगायत अन्य संस्थाहरुको सहयोग र सहकार्यमा संचालन गर्ने निति लिइनेछ ।
- यस पालिका अन्तर्गत रहेका मा.वि.मा कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई निःशुल्क कोचीङ्ग कक्षाको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- यस पालिकामा विगतदेखि सञ्चालनमा रहेका आसमान नेपाल कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- पूर्ण साक्षर गाउँपालिका घोषणा कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।

CamScanner

- ❖ गाउँपालिका अध्यक्षको नेतृत्वमा "गाउँपालिका अध्यक्ष शिक्षा सुधार कार्यक्रम" सञ्चालन गरिनेछ। यसको सञ्चालनको लागि संघ सरकार , प्रदेश सरकार तथा अन्य निकायसंग समन्वय गरिनेछ।

ख. स्वास्थ्य

- ❖ यस पालिका भित्र बसोबास गर्ने कुनै पनि समुदायका जातजातिमा पर्ने व्यक्तिलाई कडारोग ( मुटुरोग, मृगौला रोग, क्यान्सर रोग, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, तथा सिकलसेल-एनिमिया रोगहरुको उपचार खर्चको लागि नेपाल सरकारले उपलब्ध गराउदै आएको रकममा थप रकम रु. १०,००० (दश हजार) देखि ५०,०००।– (पचास हजार) गा.पा.बाट आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ यस पालिका अन्तर्गत जग्गा वा घर भाडाको व्यवस्थापन गरि आर्युवेद र होमियोपैथिक अस्पतालको निर्माण तथा सञ्चालन गरिनेछ । उक्त कार्यको लागि एकिकृत स्वास्थ्य सेवा संचालन गरिनेछ।
- ❖ एम.वि.वि.एस. (MBBS) वा विषेशज्ञ चिकित्सकको पदपुर्ती गरिनेछ ।
- ❖ यस गा.पा. क्षेत्र भित्र सञ्चालित वर्थिङ्ग सेन्टरलाई अझै व्यवस्थित गरिनेछ र यस गा.पा.मा निर्माधिन १०(दश) शैयाँको अस्पताल यसै वर्ष देखी सञ्चालनमा ल्याइनेछ।
- ❖ आँखा शिविर, महिलाहरुको पाठेघर सम्बन्धी रोग उपचारको लागि शिविर तथा अन्य रोग उपचारको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- ❖ स्वास्थ्यमा प्रतिकुल असर हुने गरी आईपर्ने माहामारीको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक राहतका कार्यक्रमहरु संचालन गरिनेछ।
- ❖ स्वास्थ्य सेवा विस्तार अन्तर्गत आधारभुत स्वास्थ्य सेवा केन्द्र बर्वा देवताल ६ र आधारभुत स्वास्थ्य सेवा केन्द्र दक्षिण झिटकैया आश्रम गरी २(दुई) स्थानमा नयाँ सेवा केन्द्र स्थापना गरिनेछ।
- ❖ वहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुलाई पोषिलो झोला वितरण,अन्डा वितरण जस्ता कार्यक्रमहरु प्राथमिक्ता साथ सञ्चालन गरिनेछ ।

ग) खानेपानी तथा सरसफाई

- ❖ "एक घर एक चापाकल" कार्यक्रम अन्तर्गत गा.पा.को हरेक घर धुरीलाई निःशुल्क स्वच्छ खाने पानी उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- ❖ गाउँपालिकालाई सरसफाई र हरियाली प्रवर्द्धन लागि सम्पूर्ण वडाहरुमा आवश्यक कार्यक्रम गरिनेछ ।
- ❖ प्रत्येक वडामा स्वच्छ खानेपानीको लागि सम्भाव्यता अध्ययन गरि औभरहेड टंकी निर्माणको लागि प्रदेश सरकार र संघीय सरकार लाई अनुरोध गरिनेछ ।

CamScanner

घ) संस्कृति प्रवर्धन, महिला तथा बालबालिका विकास, लैङ्गिक समानता तथा समाजिक समावेशिकरण

- यस पालिका भित्र रहेका मठ, मन्दिर, मस्जिद आदिको संरक्षण, मर्मत सुधार र व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ।
- गरिब, विपन्न तथा दलितहरुको आर्थिक, सामजिक, साँस्कृतिक उत्थान निमित निजहरुको चाडपर्वमा आवश्यक सहयोग उपलब्ध गराइनेछ।
- जातीय छुवाछुत एवम भेदभाव विरुद्ध जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, वालबालिका तथा आपाङ्ग आदि समुदायको जिवन स्तर उकास्न आवश्यक्ता अनुसार क्षमता अभिवृद्धि तालिमहरु संचालन गरिनेछ।
- गा.पा. कार्यालयमा आउन असमर्थ रहेका तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई घर दैलोमा गएर परिचयपत्र वितरण गरिने व्यवस्था मिलाईनेछ ।
- वालश्रममुक्त गाउँपालिका घोषणा गरिनेछ ।
- गढीमाई पञ्चवर्षिय मेलामा स्वागत गेट निर्माण, स्वास्थ्य शिविर सञ्चालन, विश्रामस्थल निर्माण निःशुल्क खाना शिविर बाटोघाटो मर्मत तथा स्तरउन्नती, विजुलीवत्ति जडान कार्य, अस्थायी शौचालय निर्माण जस्ता कार्यहरुको साथै मेला व्यवस्थापन स्वयमसेवकको व्यवस्था मिलाइनेछ। र सोको लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ।
- हिन्दु/मुस्लिम धर्मावलम्वीहरुलाई धार्मिक स्थल भ्रमण कार्यमा आवश्यक सहयोगको व्यवस्था गरिनेछ।
- वडा नं.४ स्थित बहुउद्देशिय भवनमा (ने.रा.मा.वि.पिप्राढी भवन नजिक) सामुहिक सिलाई कटाई तथा अन्य साना औधोगिक निर्माण स्थलको रुपमा सञ्चालन गरिनेछ।

ङ) युवा तथा खेलकुद

- युवा तथा खेलकुद क्षेत्रको विकासको लागि युवा क्लवको प्रवर्द्धन, प्रशिक्षण, अभिमुखिकरण जस्ता तालिम गोष्ठी संचालन गरिनेछ ।
- विभिन्न खेलकुद आयोजनाको लागि खेलकुद मैदान(रंगशाला) निर्माण गरिनेछ । दक्षिण झिटकैयामा रहेका श्री इन्द्रदेव मा.वि. आम्वाको नाममा दर्ता रहेको २४ कठ्ठा जग्गाको संरक्षण गरी हालको लागि खेल मैदान स्थापना गरिनेछ।
- युवाहरुको लागि विभिन्न प्रकारका खेलकुदहरुको आयोजना गरिनेछ ।

च) रोजगार व्यवस्थापन

- "गा.पा.अध्यक्ष रोजगार कार्यक्रम" लाई निरन्तरता दिई सार्वजनिक निर्माण कार्यमा रोजगारी प्रदान गरिने अवसर सृजना गरिनेछ।

CamScanner

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु सञ्चालनको लागि यस गा.पा.संग सहकार्य गरि रोजगार सृजना गरि व्यवस्थापन गरिनेछ।

## ३) पूर्वाधार विकास

- गा.पा.का सबै वडा क्षेत्रहरुमा यातायातको पहुँच पुर्याउन, सडक स्तर वृद्धि गर्न, सडकहरुको अवस्था पहिचान गर्नको लागि "सडक गुरु योजना" बनाई आवश्यक व्यवस्थापन गरिनेछ ।
- कुनै पनि सार्वजनिक पुर्वाधारको निर्माण गर्दा अपाङ्ग मैत्री, बाल मैत्री, जेष्ठ नागरिक मैत्री जस्ता ढाँचामा भवन निर्माण गराईनेछ ।
- गाउँवासीलाई सर्वसुलभ ढंगले आवतजावत गर्नकालागि नयाँ सडक (New Track) निर्माण गरिनेछ ।
- पिपरपाती जव्दी देखि वसतपुर जाने पसाह नदीको वीचमा झोलुङ्गे पुलको निर्माण कार्यलाई निरनतरता दिईनेछ।
- पुल, कल्भर्ट, भौतिक पुर्वाधार निर्माणकोलागि डिपिआरको कार्य अगाडी वढाईनेछ ।
- रोवाही स्थित पसाह नदीको बाँध निर्माणको लागि सँघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
- यस गा.पा.को समग्र विकासको लागि पञ्च वर्षिय योजना वनाई लागु गरिनेछ।
- नविकरण उर्जा र वैकल्पिक उर्जाको प्रविधि जडानमा जोड दिईनेछ।
- पिपरपाती राधा कृष्ण मन्दिर देखि देवापुर चौक सम्मको सडक स्तरउन्नती गरिनेछ।

## ४) वातावरण तथा विपद व्यवस्थापन

- गा.पा.स्तरीय विपद व्यवस्थापन राहत कोष खडा गरिनेछ ।
- विपद प्रतिकार्य योजनाको लागि नेपाल रेड क्रस सोसाइटी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल आर्मी तथा अन्य सरोकारवाला संघसंस्था समेतको सहकार्यमा विपद प्रतिकार्यको व्यवस्थापन गरिनेछ।
- फोहोर मैला व्यवस्थापनको लागि वडा स्तरीय खानेपानि तथा सरसफाई स्वच्छता समन्वय समिति, स्थानिय युवा क्लव, संघ संस्था, टोल विकास समिति तथा वस्ती स्तरका समूह समितिहरु संग समन्वय गरिनेछ ।

## ५) सुशासन तथा संस्थागत विकास, सूचना प्रविधि एवम सेवा प्रवाह

- गा.पा. को सम्पूर्ण कामकार्यवाहीमा पारदर्शिता र उत्तरदायित्व कायम गरी सुशासन अभिवृद्धिमा जोड दिईनेछ।
- गा.पा.क्षेत्रभित्र भएका सम्पुर्ण दैनिकDigital गतिविधिहरु (youtube, websites, Facebook) सामाजिक सञ्जालहरुको निगरानी तथा व्यवस्थापनमा जोड दिईनेछ ।

CamScanner

- गा.पा. लाई पूर्णरुपमा डिजिटल तथा अनलाईन बनाउनको लागि चाहिने आवश्यक जनशक्ति, प्रविधि एवमं सफ्टवेयरहरुको व्यवस्थापन गरिनेछ ।
- प्रत्येक वडा कार्यलयहरुमा राजश्व प्रणाली अनलाइन बनाइएको छ। र सोलाई निरन्तरता दिइनेछ।
- यस गा.पा.को गतिविधि, सूचना, सन्देश मूलक सूचनाहरु रेडियो, टिभि, पत्र पत्रिका एवम अन्य सञ्चार माध्यमहरुवाट पत्रकारज्युहरुको समन्वयमा गरिनेछ ।
- देवताल गाउँपालिकाको लागि चाहिने स्थाई कर्मचारी प्रदेश सरकार एवम संघ सरकारवाट माँग गर्नको लागि समन्वय गरिनेछ ।
- यस पालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको लागि आवश्यक सेवामूलक तालिम, प्रविधीयुक्त तालिम, क्षमता अभिवृद्धि तालिमको साथै समय-समयमा अवलोकन भ्रमण गराईनेछ ।
- गा.पा.को सम्पूर्ण कर्मचारीहरुलाई कार्यक्षमता मूल्याँकनको आधारमा प्रोतसाहित गरिनेछ ।
- राम्रो काम गर्ने कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रोत्साहित गर्न प्रोत्साहन भत्ता र पुरस्कारको व्यवस्था गरिनेछ ।
- अन्तिम लेखा परिक्षणबाट औल्याएका बेरुजु फर्छयौट तोकिएको समयमा गर्ने गराउने तथा बेरुजु कायम हुन आएको पेश्की रकम असुल उपर गरिने तर्फ आवश्यक पहल गरिनेछ ।
- यस गा.पा.का गरिब, विपन्न, असहाय जनताहरुको लागि वर्ष भरीमा प्रत्येक वडाको सिफारिसमा रकम रु. १,५०,०००।- को दरले आर्थिक सहायता रकम उपलब्ध गराईनेछ।
- जनतालाई न्यायमा पहुँच पुर्याउन न्यायिक समितिको सचिवायलय लाई व्यवस्थित बनाई कार्य सञ्चालन गरिनेछ ।
- यस गा.पा.अन्तर्गत रहेका स्वास्थ्य संस्था, विद्यालय तथा सरकारी कार्यालयहरुमा ईन्टरनेट तथा CCTV जडानको कार्य विस्तार गरिनेछ ।
- यस गा.पा.भित्रका बजार क्षेत्रमा CCTV क्यमेरा जडान कार्यलाई थप विस्तार गरिनेछ ।
- गा.पा.भित्रका सवै सार्वजनिक कार्यालयहरुमा नागरिक वडा पत्र र सुझाव पेटिका अनिवार्य रुपमा राखिने व्यवस्था मिलाईनेछ ।
- गा.पा.को गतिविधिहरुलाई सञ्चार माध्यमहरुसँग समन्यव गरि सूचनाहरुलाई प्रवाह गर्ने व्यव्स्था मिलाईनेछ ।
- यस गाउँपालिकाको सम्पूर्ण सूचनाहरुमा आमजनताको पहुँच पुर्याउन वेवसाईटलाई प्रभावकारी वनाईनेछ ।
- यस गा.पा.लाई व्यवस्थित एवम प्रभावकारी तरिकाले सञ्चान गर्नको लागि ऐन, नियमावली तथा कार्यविधिहरु बनाई स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ ।
- यस देवताल गाउँपालिका अन्तर्गतका सम्पूर्ण सरकारी कार्यलयहरु एवम सामुदायीक विद्यालयहरुलाई धुम्रपान एवम लागुपदार्थ निषेधित क्षेत्र घोषणा गर्न आवश्यक निति नियम वनाई लागु गरिनेछ।

CS CamScanner

- ❖ यस गा.पा.को विकासको लागि आवश्यक पर्ने जग्गा, जमिन खरिद गर्नको लागि आवश्यक रकम छुट्याईनेछ।
- ❖ कर्मचारीहरुको स्वास्थ्य बिमाको लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।
- ❖ यस क्षेत्रको आन्तरिक स्रोतको पहिचान गरिनेछ। राजश्व चुहावट नियन्त्रणमा जोड दिईनेछ र जन समुदायलाई कर सहुलियत नीति अवलम्बन गरिनेछ।
- ❖ गाउँ टोलमा जनतालाई सहज र सुलभ रुपले सेवा प्रदान गर्न आइपर्ने विभिन्न अपठ्यारा परिस्थितिलाई निरुत्साहित गर्न आवश्यक संख्यामा नगर प्रहरी भर्ना कार्यलाई अगाडी बढाइनेछ।
- ❖ कर्मचारी कल्यान कोषको व्यवस्थापन प्राथमिक्तामा राखिनेछ ।
- ❖ राष्ट्रिय परिचयपत्र वितरण कार्यलाई सम्वन्धित निकाय संग समन्वय गरी प्राथमिक्ताका साथ कार्यान्वयन गरिनेछ ।

## ६) घटना दर्ता, सामाजिक सुरक्षा तथा पञ्जीकरण व्यवस्थापन

- ❖ सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध गराउने कार्यलाई अझै प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ।
- ❖ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता प्राप्तिमा सहज प्रदान गरिने बैंकवाट समन्वय गरी ATM Card को व्यवस्थालाई थप प्राथमिकता दिईनेछ।
- ❖ जेष्ठ नागरिक (८० वर्ष माथि), पूर्ण अपाङ्गता भएका तथा बैंक सम्म जान असमर्थ लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता घर सम्म पुर्याउने व्यवस्था मिलाईनेछ ।
- ❖ जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ यस गा.पा.क्षेत्र भित्रका असहाय, गरिब, शहिद, विधवा, विपन्न परिवारका छोरीको विवाहमा **"असहाय सँग गा.पा.अध्यक्ष"** कार्यक्रम अन्तर्गत लागु गरि आर्थिक सहयोग रु. १०,०००।- देखि ५०,०००।- (दश हजार देखि पच्चास हजार सम्म) उपलब्ध गराउने कार्यलाई थप विस्तार गरिनेछ

**सभा अध्यक्ष महोदय**

**म अब गत आ.व. ०८०/०८१ को आय व्यय प्रस्तुत गर्न चाहन्छु।**

- ❖ **आर्थिक वर्ष २०८०/०८१ को बजेट स्रोतको रुपमा देवताल गाउँपालिकाको आन्तरिक आम्दनी बाट अनुमानित( संशोधन सहित) रकम रु.५,७३,४०,२०९।६८(पाँच करोड त्रिहत्तर लाख चालिस हजार दुई सय नव रुपैया अर्सठी पैसा मात्र) (अल्या तथा घाटा बजेट समेत) संघीय सरकारबाट वित्तिय समानिकरण अनुदान (संशोधन सहित) तर्फ रु.६,९१,४४,६३०।- (छव करोड एकान्बे लाख चौवालिस हजार छव सय तिस रुपैया मात्र) र प्रदेश सरकारवाट वित्तिय समानिकरण रु. ६५,७९,०००।– (अक्षरेपी पैंसठी लाख**

उनान्सी हजार मात्र), सशर्त अनुदान तर्फ (संघीय सरकारको) संशोधन सहितरु. **११,३३,००,०००– (अक्षरेपी एघार करोड तेतिस लाखमात्र)** संघीय सरकारबाट राजस्व **बाँडफाँटबाट** (संशोधन सहित) प्राप्त हुने रकम रु. ७,००,१४,३००।– (अक्षरेपी सात करोड चौध हजार तिन सय मात्र) संघीय सरकारबाट समपुरक अनुदान तर्फ रु. ८०,००,०००।– (अस्सी लाख मात्र), प्रदेश सरकार बाट समपुरक अनुदान रु.२०,००,०००।– (अक्षरेपी बिस लाख मात्र), संघीय सरकारबाट विशेष अनुदान(संशोधन सहित) रकम रु. १,२०,००,०००।– (अक्षरेपी एक करोड विस लाख मात्र) प्रदेश सरकारबाट विशेष अनुदान रकम रु. ३०,००,०००।– (अक्षरेपी तीस लाख मात्र) समेत गरी आ.व. ०८०/०८१ को लागि गाउँपालिकाको कुल रकम रु. ३४,१३,७८,१३९।६८ (अक्षरेपी चौतिस करोड तेह्र लाख अठहत्तर हजार एक सय उनानचालिस रुपैया अर्सठी पैसा मात्र) बराबरको बजेट विनियोजन भएको मध्ये पुँजीगत तर्फ रकम रु. ४,३४,०५,९४५।४८ र चालु तर्फ रकम रु. १४,५५,७५,६३८।६८ खर्च भएको अवस्था रहेको छ।

**सभा अध्यक्ष महोदय**

म अब आ.व. ०८१/०८२ को बजेट प्रस्तुत गर्न चाहन्छु।

- आर्थिक वर्ष २०८१/०८२ को बजेट स्रोतको रुपमा देवताल गाउँपालिकाको आन्तरिक आम्दनी बाट (गत आल्या बाहेक) अनुमानित रकम रु. २७,००,०००।– (सताइस लाख मात्र) संघीय सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फ रु.९,३२,००,०००।– (नव करोड बतिस लाख मात्र), प्रदेश सरकारबाट वित्तिय समानिकरण रु. ६५,५०,०००।– (अक्षरेपी पैसठी लाख पचास हजार मात्र), सशर्त अनुदान तर्फ (संघीय सरकारको) रु. ११,३५,५०,०००।– (अक्षरेपी एघार करोड पैतिस लाख पचास हजार मात्र)संघीय सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम रु. ७,४३,००,०००।– (अक्षरेपी सात करोड तिरचालिस हजार मात्र) संघीय सरकारबाट समपुरक अनुदान तर्फ रु. १,५०,००,०००।– (एक करोड पचास लाख मात्र) प्रदेश सरकार बाट समपुरक अनुदान रु.२०,००,०००।– (अक्षरेपी बिस लाख मात्र), प्रदेश सरकारबाट विशेष अनुदान रकम रु. ३०,००,०००।– (अक्षरेपी तीस लाख मात्र), प्रदेश सरकारबाट सशर्त अनुदान रु. ८०,००,०००।– (अक्षरेपी असी लाख मात्र) र आसमान नेपाल जनकपुरधाम धनुषा ( जि.प्र.का. धनुषा दर्ता नं. ६९३/०५५/०५६, स.क. परिषद दर्ता नं. १०३६५/२०५६)

CamScanner

बाट सशर्त अनुदान रु. २,९०,४४,७४८।१५ (अक्षरेपी २ करोड नब्बे लाख चौवालिस हजार सात सय अडचालिस रुपैया पन्ध्र पैसा मात्र) समेत गरी आ.व. ०८१/०८२ को लागि गाउँपालिकाको कुल रकम रु. ३४,७३,४४,७४८।१५ (अक्षरेपी चौतिस करोड त्रिहत्तर लाख चौवालिस हजार सात सय अरचालिस रुपैया पन्ध्र पैसा मात्र) बराबरको वजेट प्रस्तुत गरेको छु । आयको विवरण अनुसूची १ मा राखिएको छ। आन्तरिक आयको विवरण अनुसूची २ मा राखिएको छ। कुल बजेट मध्ये अनुमानित चालुतर्फ रु. २०,७३,००,०००।- (अक्षरेपी रकम विस करोड त्रिहत्तर लाख मात्र) र पुंजीगत तर्फ रु. १४,००,४४,७४८।१५ (अक्षरेपी चौध करोड चौवालिस हजार सात सय अरचालिस रुपैया पन्ध्र पैसा मात्र) बजेट विनियोजन गरेको छु।

- ❖ नोटः- सामाजिक सुरक्षाको आय र व्यय यस शिर्षकमा समावेस गरिएको छैन।

अन्त्यमा यस गाउँसभाको आ.व ०८१/०८२ को बजेट अधिवेशनको समुद्घाटन समारोहमा उपस्थित भई यस अधिवेशनको शोभा वढाई दिनुभएकोमा गाउँ सभाका सदस्यज्युहरु, पत्रकार मित्रहरु, सुरक्षा कर्मीहरु एवम उपस्थित राष्ट्रसेवक कर्मचारीज्युहरुलाई पुनः हृदय देखी नै हार्दिक आभार प्रकट गर्दछु।

सितापती देवी यादव

गाउँपालिका उपाध्यक्ष

धन्यवाद !

CamScanner

देउताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पिपराढीगोठ, बारा, मधेश प्रदेश, नेपाल २०७३

# अनुसूची - १

## आर्थिक वर्ष ०८१/०८२ को अनुमानित आय तर्फ

| क.सं. | अनुदान शिर्षक | आ.व. ०७९/०८० को यथार्थ | आ.व. ०८०/०८१ को अनुमानित | आ.व. ०८०/०८१ को संशोधित अनुमान | आ.व. ०८१/०८२ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | आन्तरिक आम्दानी | ६,२९,३१,२९२।५४ (आल्या समेत) | २५,५०,०००।- (आल्या बाहेक) | ५,७३,४०,२०९।६८ (आल्या समेत) | २७,००,०००।– (आल्या बाहेक) |
| २ | नेपाल सरकारबाट प्राप्त अनुदान | | | | |
| क) | सर्शत अनुदान | १२,५३,४७,०००।- | ११,३३,००,०००।- | ११,३३,००,०००।- | ११,३५,५०,०००।- |
| ख) | वित्तिय समानिकरण अनुदान | ९,३१,००,०००।- | ९,३३,००,०००।- | ६,९१,४४,६३०।- | ९,३२,००,०००।- |
| ग | विशेष अनुदान | १,१०,००,०००।- | १,२०,००,०००।- | १,२०,००,०००।- | ०० |
| घ) | समपुरक अनुदान | ९०,००,०००।- | ८०,००,०००।- | ८०,००,०००।- | १,५०,००,०००।- |
| ३ | संघीय राजश्व बाँडफाँड | ६,१०,००,०००।- | ७,००,१४,३००।- | ७,००,१४,३००।- | ७,४३,००,०००।- |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | | |
| क) | वित्तिय समानिकरण अनुदान | ७३,७२,०००।- | ६५,७९,०००।- | ६५,७९,०००।- | ६५,५०,०००।- |
| ख) | विशेष अनुदान | ३०,००,०००।- | ३०,००,०००।- | ३०,००,०००।- | ३०,००,०००।- |
| ग) | समपुरक अनुदान | २०,००,०००।- | २०,००,०००।- | २०,००,०००।- | २०,००,०००।- |
| घ) | सशर्त अनुदान | | | | ८०,००,०००।- |
| ५ | आसमान नेपाल | | | | २,९०,४४,७४८।१५ |
| जम्मा | | ३६,४८,५०,२९२।५४ | ३१,०७,४३,३००।- | ३४,१३,७८,१३९।६८ | ३४,७३,४४,७४८।१५ |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# अनुसूची - २

## आ.व. ०८१/०८२ को अनुमानित आन्तरिक आयको विवरण

| राजश्व शिर्षक नं. | राजश्व शिर्षक | आ.व. ०८१/०८२ को लक्ष्य | आ.व. ०८२/०८३ को अनुमानित लक्ष्य |
|---|---|---|---|
| ११३२२ | सम्पत्ति वहाल तथा पट्टा वापत आयमा लाग्ने कर | ५,००,०००।- | - |
| ११३१४ | मालपोत कर | ६,००,०००।- | |
| ११३२१ | घर बहाल कर | २,००,०००।- | |
| १४२१९ | अन्य कर | १०,००,०००।- | |
| १४३११ | न्यायिक दण्ड जरिवाना | ४,००,०००।- | |
| जम्मा | | २७,००,०००।- | ३०,००,०००।- |

CamScanner